सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

**खण्डः ४, संख्याः ३, भागः २**

**सिलीचोङ गाउँपालिका**

**ताम्कु सङ्खुवासभा।**

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

## सिलीचोङ गाउँपालिका गाउँ कार्यपालिकाको बिपद पीडित पुनर्वास कार्यविधि, २०७७

स्विकृत मिति २०७७/०५/१७

**प्रस्तावनाः**

विपदका कारण कुनै पनि व्यक्ति बसोवास गरिरहेको घर जग्गा क्षति ग्रस्त भई बसोबासका लागि उपयुक्त नभएमा त्यस्ता व्यक्तिहरुलाई अन्य स्थानमा पुनर्वास गराउने कार्यलाई व्यवस्थित रुपले सञ्चालन गर्नको लागि सिलिचोङ गाउँपालिकाको गाउँकार्यपालिकाले **"बिपद पीडित पुनर्वास कार्यविधि, २०७७"** जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारभः**

(क) यस कार्यविधिको नाम "**विपद पीडित पुनर्वास कार्यविधि २०७७ "** रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "विपद भन्नाले" बाढि, पहिरो, भुकम्प जस्ता प्राकृतिक विपतिलाई सम्झनु पर्दछ ।

(ख) “पीडित भन्नाले” आफु बसोबास गरिरहेको घर जग्गा क्षति ग्रस्त भई तथा जोखिममा पर्न सक्ने अवस्थाका वा भुमिहीन व्यक्तिहरुलाई पीडित सम्झनुपर्दछ ।
(ग) “पुनर्वास समिति भन्नाले” यस कार्यविधि बमोजिम गठित स्थाई पुनर्वास कार्यक्रम संचालन समिति सम्झनु पर्दछ ।
(घ) “प्राविधिक समिति भन्नाले” यस कार्यविधि बमोजिम गठित प्राविधिक समितिलाई सम्झनु पर्दछ ।
(ङ) “कार्यविधि भन्नाले” विपद पीडित पुनर्वास कार्यविधि २०७७ लाई सम्झनु पर्दछ ।

**३.यस कार्यविधि बमोजिम पुनर्वास गराउनु पर्ने** : विपद पीडितहरुलाई गाउँपालिकाले पुनर्वास गराउँदा यस कार्यविधि बमोजिम गराउनु पर्नेछ ।

**४. पुनर्वास माग गर्ने** : (क) बिपद पीडितहरुले बसोवास स्थलबाट अन्यत्र पुनर्वास गर्नु पर्ने भएमा आफ्नो वा आफ्नो एकासगोलको परिवारका सदस्यहरुको नाममा अन्यत्र कतै त्यस्ता घर जग्गा, जमिन नभएको स्पस्ट उल्लेख गरी सम्बन्धित वडा कार्यालयमा क्षति ग्रस्त घरजग्गाको धनिपुर्जाको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, जग्गाधनीको फोटो तथा अन्य आवश्यक प्रमाण सहित अनुसुची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।
(ख) प्राप्त निवेदन उपर सम्वन्धित वडा समितिले आवश्यक छानविन गरी निवेदन मनाशिव देखेमा निवेदक वा निजको एकासगोलका परिवारका सदस्यको स्वामित्वमा अन्यत्र घर जग्गा, जमिन नभएकोले पुनर्वास गराउन उपयुक्त छ भन्ने आशय स्पस्ट खुल्ने निर्णय सहित अनुसुची-२ बमोजिम पुनर्वास समितिमा पेश गर्नु पर्नेछ ।
(ग) उपदफा ख बमोजिम प्राप्त निवेदन उपर पुनर्बास समितिले आवश्यक छानविन गरी मनाशिव देखेमा पुनर्बास समितिले कार्यपालिकामा पेश गर्नेछ ।
घ.कार्यपालिकाबाट निर्णय भए पछि निबेदकहरुलाई सुरक्षित स्थानमा पुनर्वास गराउनु पर्नेछ ।
(ङ) छनौट भएका फारम संलग्न राखी अनुसुची-३ बमोजिमको ढाँचामा सिफारिश गर्नु पर्नेछ ।
(च) बिस्थापित पीडितहरुको सिलीचोङ गाउँपालिका भित्र सुरक्षित स्थानमा जग्गा, जमिन स्वमित्वमा रहेमा अन्य पीडित सरह आवास निर्माणको लागि सहयोग उपलब्ध गराईनेछ तर सो जग्गा, जमिन प्राबिधिकबाट आवास निर्माण गर्न स्वीकृत गरेको हुनु पर्दछ ।
(छ) बिपद परेको समयमा भन्दा अगाडि नै गाउँ छाडेर गाउँको सामाजिक साँस्कृतिक कार्यमा संलग्न नभएकाहरुलाई पुनर्वास नगराउने ।

**५. स्थायी पुनर्वास कार्यक्रम संचालन समितिः**
(क) बिपदमा परी पुनर्वास गराउन विस्थापित नागरिकहरुलाई पुनर्वास गराउने प्रयोजनको लागि गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट एक जना संयोजक रहने गरी देहाय बमोजिमको पदाधिकारी रहने गरी समिति गठन गरिनेछ ।
१.कार्यपालिका सदस्यः- संयोजक-१ जना



सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

२.वडा अध्यक्षहरुः- पदेन सदस्य-५ जना

३.कार्यपालिका महिला सदस्य :- २ जना

४.प्रमुख प्रशासकीय अधिकृतः- सदस्य सचिब-१ जना

(ख) पुनर्वास समितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(ग) पुनर्वास समितिको बैठकमा प्राविधिक समितिको प्रतिनिधिलाई आमन्त्रण गर्नु पर्नेछ।

(घ) पुनर्वास समितिको बैठकमा आवश्यकता अनुसार सरोकारवाला व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिने छ।

(ङ) बैठक बस्दा समितिका सदस्यहरु र आमन्त्रित सदस्यलाई खाना, खाजा र बस्नको व्यवस्था गरिनेछ। उक्त रकम प्रकोप व्यवस्थापन कोषबाट उपलब्ध गराईने छ। बैठक बस्दा बैठक भत्ता उपलब्ध गराईने छैन।

(च) पुनर्वास समितिका सदस्य वा कुनै कर्मचारीलाई पुनर्वास संग सम्वन्धित कार्यको लागि बास बस्ने गरी गाउँपालिका भित्र वा गाउँपालिका बाहिर परिचालन गरिएमा नेपाल सरकारको मापदण्ड बमोजिम दैनिक भ्रमण भत्ता उपलब्ध गराईने छ।

(छ) पुनर्वास समितिको बैठक संचालन सम्वन्धी अन्य विषय तथा कार्य जिम्मेवारिको बाँडफाँड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**६.स्थायी पुनर्वास समितिको काम, कर्तव्य र अधिकार :**

स्थायी पुनर्वास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) विपद पीडित व्यक्तिको तथ्याङ्क संकलन गर्ने।

(ख) प्राप्त निवेदन उपर अध्ययन तथा छलफल गर्ने।

(ग) पुनर्वास कार्यक्रम आवश्यक भए नभएको निर्णय गर्ने।

(घ) पुनर्वासका लागि उपयुक्त जग्गा खोजी गर्ने ।

(ङ) प्राप्त जग्गाहरुको उचित मुल्याङ्कन गर्ने।

(च) उपलव्ध जग्गाहरु मध्ये प्राविधिक समितिबाट जाँच गराई उपयुक्त जग्गाको छनौट गर्ने।

(छ) कार्यक्रम संचालनका लागि आवश्यक बजेट स्विकृतिका लागि गाउँ कार्यपालिकामा पेश गर्ने।

(ज) पुनर्वास कार्यक्रम संचालन गर्ने।

(झ) सहयोगी दाताहरुको सहयोग विवरण पारदर्शी रुपमा अभिलेखिकरण गरी सार्वजनिक गर्ने।

(ञ) सहयोगी ब्यक्ति, ब्यक्तित्व संघ/संस्था/अस्थायी बसोवास राहत संकलन तथा वितरण समितिहरु संग सहयोगका लागि आवश्यक समन्वय गर्ने।

(झ) बजेट खर्च, अभिलेख व्यवस्थापन, लेखा परिक्षण सम्वन्धमा सम्वन्धित निकाय सँग समन्वय तथा सहयोग गर्ने।

(ञ) कार्यक्रम कार्यान्वयन गर्दा आईपर्ने समस्या समाधान गर्ने।

(ट) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने।

(ठ) पुनर्वास कार्यमा अन्य कुनै सरकारी, गैरसरकारी संघ संस्था तथा व्यक्तिहरुसंग सहयोग र समन्वय गर्ने ।

(ड) पुनर्वास सम्वन्धी प्राविधिक समितिबाट प्राप्त पुनर्वास संग सम्वन्धित प्रतिवेदन छलफल गरी अनुमोदन गर्ने ।

(ढ) कार्यपालिकाले समय समयमा दिएका निर्देशन कार्यान्वयन गर्ने ।

(ण) पुनर्वास सम्वन्धमा उत्पन्न भएको गुनासो सुनुवाइ गर्ने, तथा गुनासो व्यवस्थापन गर्ने ।

**७. प्राविधिक समितिः** पुनर्वास कार्यक्रमको कार्यन्वयनको क्रममा पुनर्वास स्थल तथा संरचनाको प्राविधिक अध्ययन, मूल्यांकन तथा सिफारिस गर्न देहाय बमोजिमको १ प्राविधिक समिति गाउँकार्य पालिकाले गठन गर्नेछ ।

(क) गाउँपालिकाका प्राविधिक शाखाको ईन्जिनियर — संयोजक-१

(ख) गाउँपालिकाले तोकेको इन्जिनियरिङ सेवाको कर्मचारी — सदस्य-२

(ग) सम्वन्धित वडाको प्राविधिक — सदस्य-१

(घ) गाउँपालिका योजना शाखा प्रमुख — सदस्य सचिव-१

**८.प्राविधिक समितिको काम, कर्तव्य र अधिकार** : प्राविधिक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) पुनर्वास समितिले खोजी गरेको पुनर्वास स्थल विपदको दृष्टिकोणले सुरक्षित रहे नरहेको अध्ययन गरी सिफारिस गर्ने ।

(ख) पुनर्वास स्थलको डि.पि.आर. तयार तथा स्विकृत गर्ने ।

(ग) पुनर्वास निर्माण कार्यको अनुगमन गर्ने ।

(घ) निर्माण संग सम्वन्धित आवश्यक प्राविधिक कागजात तयार गर्ने ।

(ङ) पुनर्वास समिति तथा गाउँपालिकाले दिएका निर्देशन पालना गर्ने ।

**९.पुनर्वास कार्यक्रम कार्यान्वयनः** पुनर्वास समितिले विस्थापितलाई पुनर्वास गराउँदा विपद भएको क्षेत्रको नजिकको सुरक्षित स्थानलाई पहिलो प्राथमिकता दिईने छ । यस्तो स्थान छनौट गर्दा विपदको जोखिम न्युन रहेको, पहुँच मार्ग, शिक्षा, स्वास्थ्य, खानेपानी, सञ्चार, उर्जा, बजार क्षेत्र, रोजगारी तथा जीविकोपार्जनको संभावना जस्ता विषयलाई समेत प्राथमिकता दिनु पर्नेछ ।

**१०. जग्गाको हद :** पुनर्वास गराउँदा जग्गाको हद देहाय बमोजिम रहनेछ ।

(क) बजार क्षेत्रमा न्युनतम ४ आना देखि अधिकतम ८ आना सम्म ।

(ख) ग्रामिण क्षेत्रमा न्युनतम ८ आना देखि अधिकतम १६ आना (१ रोपनी) सम्म ।

सिद्धिचरण गाउँ कार्यपालिकाको कार्यालय

**११. पुनर्वास नमुना** : पुनर्वास नमुना प्रचलित कानुनको परिधिभित्र रही प्राविधिक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१२. एकिकृत वस्ति विकास** : पुनर्वास समितिले एकिकृत रुपमा वस्ति विकास गरी त्यस्तो एकिकृत बस्तिमा विस्थापित नागरिकहरुलाई पुनर्वास गराउन सक्नेछ । यस्तो एकिकृत बस्तिमा पुनर्वास गराउने विधि यसै कार्यविधि अनुरुपनै हुनेछ । यस्तो एकिकृत बस्तिमा पुनर्बास गरी सके पश्चात बिपदमा नपरेका वा परेर पनि पुर्ण विस्थापित हुनु नपरेका नागरिकले आफ्नै लागतमा जग्गा खरिद गरी बसोबास गर्न सक्नेछन् ।

**१३. एकिकृत बस्तीको न्युनतम मापदण्डः** एकिकृत बस्तीको न्युनतम मापदण्ड देहाय बमोजिम हुनेछ ।
(क) स्वच्छ खानेपानीको व्यवस्था ।
(ख) सार्वजनिक शौचालयको व्यवस्था ।
(ग) शिक्षा तथा आधारभुत स्वास्थ्य सेवा भएको ।
(घ) सडक मार्गको व्यवस्था भएको ।
(ङ) आवास क्षेत्र हरियाली, केटा केटी खेल्ने पार्क तथा ढल निकासको व्यवस्था भएको ।
(च) बिद्युत सेवा भएको ।
(छ) रोजगार तथा जीबिकोपार्जनको संभावना भएको ।
(ज) एकिकृत वस्ति कम्तिमा १० (दश) घर भएको ।

**१४. पुनर्वासको मापदण्ड** : पुनर्वास कार्यक्रममा सहभागी हुन देहाय बमोजिमको मापदण्ड पुरा भएको हुनु पर्नेछ ।
(क) जोखिमबाट निवेदकको स्वामित्वमा रहेको घर जग्गा पुर्ण जोखिममा रहेको हुनु पर्नेछ ।
(ख) निवेदकको एकासगोलको परिवारका सदस्यहरुको स्वामित्वमा नेपालभर कहीं पनि बसोवास योग्य जग्गा जमिन हुनु हुदैन ।
(ग) एकासगोलका एकजना व्यक्तिलाई मात्र पुनर्वासको जग्गा उपलब्ध गराईने छ ।
(घ) विपदबाट जतिसुकै घर जग्गा क्षति भए पनि एक ईकाई मात्र जग्गा प्राप्त हुनेछ ।
(ङ) आफ्नो स्वामित्वमा जग्गा जमिन नभएका र अन्य ब्यक्ति वा ऐलानी, सरकारी जग्गामा बसोवास गरिरहेका गाउँपालिकाका नागरिकलाई निजको वा निजको परिवारका सदस्यको नाममा नेपालभर कहि कतै जग्गा जमिन नभएमा यस्तो सुविधा दिन सकिने छ ।
(च) नेपाल सरकार वा अन्य विदेशी सरकार स्थायी जागिर खाई नियमित तलव सुविधा प्राप्त गरी रहेका ब्यक्तिहरुलाई यो सुबिधा प्रदान गरिने छैन ।
(छ) सिलीचोङ गाउँपालिका बाहिर पुनर्बास गर्नको लागि जग्गा खरिद व्यवस्था गरिने छैन ।

**१५.जग्गाको स्वामित्व हस्तान्तरण** : पुनर्वासको जग्गा जुन व्यक्तिको नाममा क्षति ग्रस्त जग्गा छ निज जिवितै रहेको अवस्थामा निजकै नाममा र जग्गाधनी जिवित नरहेको अवस्थामा निजको सबैभन्दा नजिकको हकवालाको नाममा हस्तान्तरण गरिने छ ।

तर जग्गाधनी जिवित रहेता पनि निज अशक्त भई जग्गा रजिस्टेशन लगायतका कार्यमा सहभागी हुन असक्षम भएमा निजको स्विकृतिले निजले ईच्छाएको व्यक्तिको नाममा दर्ता गरिने छ । पीडितलाई हस्तान्तरण भई स्वामित्व प्रदान गरेको जग्गा मालपोत कार्यालयमा १० वर्ष सम्म रोक्का गरिने छ ।

**१६. कोषको व्यवस्थापन तथा खर्च**ः पुनर्वास संग सम्वन्धित सम्पुर्ण व्ययभार गाउँपालिकामा रहेको प्रकोप व्यवस्थापन कोष खाताबाट वा गाउँपालिकाकै नाममा पुनर्वास व्यवस्थापन खाता खोली सो खातावाट जग्गा खरिद, पुर्वाधार निर्माण तथा आवश्यक क्षेत्रमा खर्च गरिने छ । यस्तो खातामा तपशिल बमोजिमका रकमहरु रहने छन् ।

(क) गाउँपालिकाबाट विनियोजित बजेट रकम ।
(ख) प्रदेश सरकारबाट प्राप्त सहयोग रकम ।
(ग) संघिय सरकारबाट प्राप्त सहयोग रकम ।
(घ) अन्य व्यक्ति वा संघ/संस्थाबाट प्राप्त सहयोग रकम ।
(ङ) अन्य जुनसुकै श्रोतवाट प्राप्त पुनर्वास संग सम्वन्धित सहयोग रकम ।
(च) ब्यक्ति, ब्यतित्व, संघ/सस्थाहरुबाट सशर्त प्राप्त रकम, जिन्सी सहयोग सोही शर्तको क्षेत्रमा मात्र प्रयोग गर्ने ।

**१७. पुनर्वास खर्चको भुक्तानी**ः- पुनर्वास संग सम्वन्धित खर्चको भुक्तानी पुनर्वास समितिको निर्णयको आधारमा गरिने छ । तर यस्तो खर्चको भुक्तानी गाउँ कार्यपालिका तथा गाउँसभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**१८.पुनर्बास जग्गा ब्यवस्थाः-** प्राविधिकहरुको प्राबिधिक प्रतिबेदन, अस्थायी बसोबास राहत संकलन तथा बितरण समिति तथा पुनर्बास समितिको संयुक्त कार्ययोजनाबाट पुनर्बासको लागि जग्गा ब्यवस्था गर्ने ।

**१९. प्रतिवेदन सम्वन्धि व्यवस्था** : प्राविधिक समितिले पुनर्वास समिति समक्ष तथा पुनर्वास समितिले गाउँपालिका तथा आवश्यक निकायमा मासिक रुपमा तथा मागेको बखत कार्य प्रगती प्रतिवेदन पेश गर्नु पर्नेछ ।

**२०. कार्यविधि संशोधन**ः यस कार्यविधिमा उल्लेखित विषयहरु संशोधन वा थप घट गर्नु परेमा गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

सिलिचोङ गाउँ कार्यपालिकाको कार्यालय

**२१. प्रचलित कानुन बमोजिम हुने** : यस कार्यविधिमा उल्लेखित विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ ।

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

अनुसुची-१
पुनर्बासको लागि आवेदन
(दफा ४ (ख) संग सम्बन्धित

श्रीमान् वडा अध्यक्ष ज्यु मितिः-
.....नं. वडाको वडा कार्यालय
सिलीचोङ गाउँपालिका

**बिषयः- स्थायी पुनर्बास गरी पाउँ भन्ने बारे ।**

प्रस्तुत बिषयमा मिति.................................को .........../.............../.........का कारण .......................स्वामित्वमा रहेको घरजग्गा................./................/............ क्षती भई बस्न नमिल्ने र अन्त कुनै पनि मेरो परिवारमा एकाघरपरिवारको कुनै सदस्यहरुको नाममा नेपालभर जग्गा नरहेको हुदा स्थायी पुनर्बास गरी दिन हुनको लागि तपशिल बमोजिम ब्यहोरा सहित अनुरोध छ ।

**तपशिल**

| **क.सं.** | **पारिवारिक बिवरण** | | **मानविय क्षतीको विवरण** | | **क्षती भएको बिवरण (जग्गाको हकमा कित्ता नं.र क्षेत्रफल उल्लेख गर्ने)** | **सुरक्षित स्थानमा जग्गा** | | **भुमिहिन/ सुकुम्बासी** | **पुनर्बास हुन चाहेको स्थान** |
|---|---|---|---|---|---|---|---|---|---|
| | म | पु | म | पु | | छ (स्थान खुलाउने) | छैन | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

१.नेपाली नागरिकताको प्रमाणपत्र/मतदाता नामावी प्रतिलिपी थान-१
२.क्षती भएको जग्गाको धनीपुर्जाको फोटो कपी थान-१
३.हाल सालै खिचेको फोटो १ प्रति

निबेदक
..................
( )
सिलीचोङ....,सङ्खुवासभा
सम्पर्क नं.-

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

अनुसुची-२

पुनर्बासका लागि पिडित छनौट फारम

दफा ४ (ग) संग सम्बन्धित

| क.सं. | नाम थर | ठेगाना | घर जग्गा पुर्ण वा आंशिक क्षती भए पनि अन्यत्रै सुरक्षित स्थानमा जग्गा भएको (०) | जम्मा जग्गा मध्ये २५ % बगाएको (सुरक्षित स्थानमा जग्गा नभएको) (१५) | जम्मा जग्गा मध्ये ५० % बगाएको ( सुरक्षित स्थानमा जग्गा नभएको) ( २०) | घर आंशिक रुपमा क्षती र सुरक्षित स्थानमा अन्यत्र जग्गा नभएको (२५) | घर पुर्ण रुपमा बगाएको र सुरक्षित स्थानमा अन्यत्र जग्गा नभएको (४०) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

तयार गर्ने
..............
( )
वडा सचिब

प्रमाणित गर्ने
....................
( )
वडा अध्यक्ष

सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय

अनुसुची-३
(स्थायी पुर्नवास सिफारिश सम्बन्धि)
(दफा ४ संग सम्बन्धित)

श्रीमान् संयोजक ज्यू
स्थायी पुनर्बास कार्यक्रम सन्चालन समिति
सिलीचोङ गाउँपालिका, सङ्खुवासभा ।

**विषयः-सिफारिश गरेको बारे ।**

प्रस्तुत बिषयमा सिलीचोङ गाउँपालिका वडा नं.-.......मा मिति........................को.............../............./..................कारण घर जग्गा .......... क्षती भएको/ तत्काल क्षती हुने अवस्था भएको र उक्त क्षतीग्रस्त घरजग्गामा भबिष्यमा समेत बस्न नमिल्ने भएकोले पुनर्बास गरी पाउँ भनी यस कार्यालयमा निबेदन परेको र निबेदन उपर यस वडा समितिले स्थलगत रुपमा आवश्यक जाँच बुझ तथा छानबिन गर्दा पिडितहरुको नेपालभरि कुनै एकाघर परिवारको सदस्यहरुको नाममा समेत जग्गा नरहेकोले मिति २०...../..../....को वडा समितिको बैठकले स्थायी पुनर्बास कार्यक्रम सन्चालन समिति समक्ष पुनर्बासको सिफारिस गर्ने भनि निर्णय गरेको हुदाँ पुनर्बासको लागि तपशिलका ब्यक्तिहरुलाई सिफारिश गरिएको ब्यहोरा अनुरोध छ ।

**तपशिल**

| **क.सं.** | **नाम थर** | **ठेगाना** | **सिफारिश गरेको जग्गाको क्षेत्रफल** | **पुर्नवास गर्न चाहेको स्थान** | **कैपियत** |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

तयार गर्ने
..............
(            )
वडा सचिब

प्रमाणित गर्ने
....................
(               )
वडा अध्यक्ष

**आज्ञाले,**

रामराज पौडेल

प्रमुख प्रशासकीय अधिकृत



सिलीचोङ गाउँ कार्यपालिकाको कार्यालय